# २९. शत्रु+मित्र आफैं

सुख-दुःखको कर्ता र भोक्ता हाम्रो आत्मा नै हो । यो आत्मा नरकवासी पनि हुन सक्दछ र मोक्ष महलमा विराजित पनि हुन सक्दछ । शास्त्रहरूमा आत्माको अधोगतिको वैतरणी नदी र कूट शाल्मली वृक्षसमान तथा आत्माको उत्कृष्टताको नन्दन वनसँग तुलना गरेको छ ।

कूट शाल्मली वृक्ष दुःख दिनेवाला हुन्छ भने नन्दन वन सुखप्रदायक मानिन्छ । आत्माको दुष्प्रवृत्तिले उसलाई नरकमा लैजान्छ भने सुख प्रवृत्तिबाट देवलोकमा सुखको अनुभव गर्दछ । मोक्षले सुखमा रमण गराउँछ । हाम्रो आत्मा पवित्र होस् । आत्मालाई हल्का भएर ऊर्ध्वगामी हुने बनाउन ब्रत-ब्रतादीको विधान गरिएको छ । प्रश्न यो उठ्न सक्छ कि आत्मा ऊर्ध्वगामी बनाउन शरीरलाई कष्ट दिएर के फाइदा ? घ्यू निकाल्नको लागि नौनीलाई आगोमा तताइन्छ । त्यसैप्रकार आत्मालाई पवित्र बनाउनका लागि शरीरलाई तापको अग्निमा तताइन्छ । जसबाट आत्मा पवित्र भएर ऊर्ध्वगामी हुन पुग्छ । आत्मा नै हाम्रो शत्रु र आत्मा नै हाम्रो मित्रु हो । बाहिर कोही शत्रु हुँदैन र ठूलो तपस्याले मानव शरीर मिलेको छ । अतः यस आत्मालाई कुन्दन (गहना) बनाउने प्रयास गर्नुपर्छ । जुन प्राणीको आत्मालाई अनन्त सुख हुन्छ, त्यो उसको लागि हितकर हुन्छ । अतः जुन वचनमाथि श्रद्धा राखेर आफ्नो शुद्ध स्वरूपलाई सम्झी पदार्थको दासत्वबाट हट्नुपर्छ । यो सम्झनु आवश्यक छ- यो मानव शरीर संसाररूपी सागर पार गर्नको लागि प्राप्त डुङ्गासमान छ । ठूलो भाग्यले मिलेको शरीरलाई व्यर्थ जान दिनुहुँदैन ।

# ३०. अभयदान : महादान

उच्चकोटिका गृहस्थहरूका लागि दान दिनु परम कर्तव्य मानिन्छ। जुन मानिसको हृदयमा दानको भावना हुँदैन, उसको हृदय मरूभूमितुल्य हुन्छ। शास्त्रमा ४ प्रकारको दानबारे बताइएको छ।

**क. अन्नदान**

भोकालाई खुवाउनु अन्नदान हो। भोका व्यक्ति त्यसलाई भनिन्छ, जो भोजनप्रति आकर्षित छ। केवल खाली पेटलाई भोको भनिन्छ किनभने अनसनमा बसेका तपस्वीको पेटमा भोजन हुँदैन। उसलाई भोको भन्न मिल्दैन किनभने उसले स्वेच्छाले भोजन त्याग गरेको हुन्छ।

**२. औषधि दान**

बिरामीलाई स्वास्थ्य लाभको लागि दिइने औषधिलाई औषधि दान भनिन्छ।

**३. ज्ञान दान**

विद्याको दानलाई ज्ञानदान भनिन्छ। यो एकप्रकारको ज्योति हो।

**४. अभयदान**

अभयदान संसारको सर्वश्रेष्ठ दान हो। जसले कसैलाई अन्नदान दिएको छ भने सारा दान उसको बीचमा समाहित हुन्छ। किनभने जीवनदानभन्दा ठूलो अरू केही हुन सक्दैन। प्राणीमात्रको प्रति दयाको भाव, प्रेमको भाव ल्याउनु अभयदान हो। जबसम्म व्यक्तिको हृदयमा दया-करूणाको सरिता प्रवाहित हुँदैन, तबसम्म उसले कसैमाथि प्रेम गर्दैन।

जैन धर्मका २२ औं तीर्थंकर श्री नेमिनाथज्यूलाई पशुहरूको प्राण रक्षाका लागि भोगलाई त्यागेर जीवन त्याग मार्गमा लगाउनुभयो। उनको हृदयमा जीवहरूप्रति करूणाका अजस्र धारा प्रवाहित हुने गर्थ्यो। जसको कारण विवाह मण्डपमा जाँदाजाँदै त्याग मार्गतर्फ लम्कनुभयो। आफ्नो जीवनको कल्याण गर्दै मोक्ष गतिमा प्रस्थान गर्नुभयो।

यदि एक व्यक्तिको जीवन सुध्रियो भने कैयौंको जीवनमा सुधार हुन्छ। एक ज्योतिले अनेकौं ज्योतिहरू प्रज्ज्वलित पार्न सक्दछ।

# ३१. दृश्य होइन, दृष्टि बदल

सम्यक अर्थात् सही सम्यकत्वको अर्थ हुन्छ- निर्मल दृष्टि, सही दृष्टि । सच्चा श्रद्धा र वास्तविक लगन सम्यकत्व नै मुक्ति मार्गको पहिलो सिँढी हो । मानिसलाई एकपटक सम्यक ज्ञान भयो भने उसलाई पुनः संसारमा भड्कनुपर्दैन । जस्तो धागो हालेको सियो हरायो भने सजिलैसँग भेट्न सकिन्छ । त्यस्तै सम्यक दृष्टि आत्मा पनि पथभ्रष्ट हुँदैन । साँचो श्रद्धा भयो भने सम्यक ज्ञान भइहाल्छ ।

हामी दृश्य बदल्ने प्रयास गर्दछौं तर दृष्टि त्यही राख्दछौं । रातो चश्मा लगाएर हरियो घाँस देख्न सक्दैनौं रातो नै देखिन्छ । जबसम्म चस्मा बदल्दैनौं, तबसम्म दृश्य पनि बदलिन्न ।

अनादिकालदेखि हाम्रो दृष्टि उल्टो भएको छ । अरूको दोष देख्नुमा मस्त छन् । आजको मान्छेले अरूलाई होइन, आफैंतर्फ हेर्न थाल्यो भने मात्र सही दृष्टि प्राप्त हुन्छ ।

मिथ्या दृष्टि भएको व्यक्ति राम्रो वस्तुहरूमा नराम्रो कुरा खोज्दछ । तर, सम्यक दृष्टि भएको मान्छे भगवान्को अमृतवचन खोज्दछ, दृश्यस्वरूपलाई खोज्दछ । जसरी भोको व्यक्ति भोजन खोज्दछ । आफैलाई हेर्नु, अथवा आफैलाई अध्ययन गर्नु स्वाध्याय हो । धर्मशास्त्र पढेर पनि यदि त्यसलाई हतियार बनाइन्छ भने त्यो शास्त्र होइन । केही मान्छेहरू धार्मिक पुस्तकमा पनि तरवार खोज्ने प्रयास गर्दछन् ।

जुन व्यक्तिको मनमा धर्म भरिन्छ, उसलाई देवताले पनि सम्मान गर्दछन् । वचन र शरीरले धर्म गर्ने मान्छे धेरै हुन्छन् तर मनमा धर्म धारण गर्ने मानिस भने एकदमै थोरै हुन्छन् ।

# ३१. आत्मा नै ज्ञान

वीजमा वृक्ष बन्ने शक्ति अन्तर्निहित हुन्छ । यदि त्यसलाई उचित संयोग तथा वातावरण भएन भने त्यो वीज रूख बन्न सक्दैन । यदि कुनै बीउ कोठामा रहिरह्यो भने, यदि ढुङ्गामा छरियो भने वीजले विकसित हुने मौका पाउँदैन । यदि उब्जाउ भूमिमा रोपिने अवसर मिल्यो भने, हावापानीको अनुकूल साथ पायो भने उसमा अंकुर पलाउँछ । त्यो सानो वीजले वृक्षको रूप धारण गर्दछ । यसप्रकार मानवभित्र ज्ञानको सम्भावना अन्तर्निहित छ, मोक्ष प्राप्त गर्ने शक्ति छ, परन्तु अनुकूल सहयोग नमिलेको कारण निर्वाण प्राप्त गर्न नसक्ने हुन्छ । जब मानवलाई देवता, सद्गुरु धर्मको संयोग मिल्छ, गुरुदेवको सत्संगको वृक्ष बन्ने अवसर पाउँछ । तब मानव मोक्ष बाटोतिर अग्रसर हुन थाल्छ ।

भगवान् महावीरले भन्नुभयो- 'पदमं नाणं तवो दया ।' ज्ञानपछि दया । ज्ञान भएमात्र बत्ती बल्छ । ज्ञानको दीपकवाला बत्ती निभ्यो भने अन्धकार छाउँछ । जस्तै- कुनै पावर भएको ठाउँमा पावर गयो भने अन्धकार आउँछ । त्यस्तै व्यक्तिको हृदयमा प्रकाश प्रज्वलित नभए जीवन अन्धकारमय हुन्छ ।

जीवनमा धनको त्यति महत्व छैन, जति ज्ञानको । धन र वैभव नभए पनि जीवन चल्नसक्छ तर ज्ञानबिना जीवन चल्न सक्दैन । बुद्धि भएको व्यक्तिले धन कमाउन सक्छ । आत्मालाई सुख दिने आध्यात्मिक ज्ञान नै हो ।

भगवान् महावीर भन्नुहुन्छ- 'आत्माको स्वभाव ज्ञान हो। बाहिरको ज्ञान, किताबहरूको ज्ञान पढ्नु स्मृति हो। भित्रको ज्ञान प्रकट गर्नु नै ज्ञान हो। जुन दिन भित्री ज्ञान प्रकट हुन्छ, त्यस दिन मानिस ज्ञानी हुन पुग्छ। ज्ञान भएपछि श्रद्धा उत्पन्न हुन्छ, श्रद्धाबाट नै ज्ञान आचरणमा आउँछ। पहिलो ज्ञान, पछि श्रद्धा र त्यसपछि धर्म मार्गमा चल्नु चरित्र हो। जुन ज्ञानले दर्शन, चरित्रलाई प्राप्त गराउँछ, त्यो मोक्ष मार्गको दर्शक हो। आत्मा नै ज्ञान हो। आत्मालाई जानेपछि अरू कुनै कुरा जान्नु आवश्यकता पर्दैन।

विद्वान त्यही हो, जसलाई स्मृतिको ज्ञान छ। ज्ञानी त्यही हो, जसलाई आत्मतत्वको ज्ञान छ। ग्रन्थ पढेर पाठ कण्ठ पार्नु ज्ञान होइन। धार्मिक शास्त्र अध्ययन गरेर रामकृष्णको वाणीहरू सुनेर याद मात्र गर्ने विद्वान हुन सक्दछ, ज्ञानी होइन। ज्ञानी त्यही हो, जसले आत्मबोधमा अनुभव गरेको छ। जुन दिन हामीभित्र ज्ञान प्रकट हुन्छ, त्यसबेला मात्र हामी ज्ञानी कहलाउँछौं।

आज आवश्यकता छ बच्चाहरूलाई, युवा पिँढीलाई सही मार्गनिर्देशकको। उनीहरूलाई यो भन्नु आवश्यकता छ- धर्मस्थान के हो ? त्यहाँ किन जानुपर्छ ? हाम्रो धर्म गुरु को हुनुहन्छ ?' उसलाई यी सबैको उत्तर दिनु आवश्यक छ। जब बालबालिकालाई सबै कुराको ज्ञान हुन्छ, तब धर्म र धर्मस्थानप्रति उनीहरूको श्रद्धा उत्पन्न हुन्छ। श्रद्धा उत्पन्न हुनासाथ आचरण पनि आफसे आफ ठीक हुन्छ।